# पाँचखाल नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः७ मंसिर ४ , २०८० साल सङ्ख्याः६**

## भाग–२

**पाँचखाल नगरपालिका नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०**

**प्रस्तावना :** पाँचखाल नगरपालिका नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७९ लाई संशोधन गर्न बाञ्छनीय भएकाले,

पाँचखाल नगरपालिका नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी पाँचखाल नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भ** :(१) यस कार्यविधिको नाम **"पाँचखाल नगरपालिका नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुने छ।

२. **मूल कार्यविधिको दफा ६ (३) (क) मा संशोधन** : मूल कार्यविधिको दफा ६(३) (क) मा रहेको उपदफा ३ को (ङ) (च) (छ) (ज) पछि "**र अनुसूची-७ मा उल्लिखित आधारहरु समेत**" भन्ने वाक्यांश थप गरिएको छ।

३. **मूल कार्यविधिमा अनुसूची थप गरिएको** : मूल कार्यविधिमा अनुसूची-७ थप गरिएको छ।

अनुसूची-७

(दफा ६(३)(क) सँग सम्बन्धित)

**शारीरिक परीक्षणका आधारहरु :**

| **क्र.सं.** | **विवरण** | **अति उत्तम** | **उत्तम** | **मध्यम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | पुस अप | १५ पटक | १० पटक | ५ पटक | महिलाको हकमा क्रमशः १० पटक, ७ पटक र ४ पटक |
| २. | सेट अप | १२ पटक | १० पटक | ८ पटक | महिलाको हकमा क्रमशः ८ पटक, ५ पटक र ३ पटक |
| ३. | चिन अप | ६ पटक | ४ पटक | २ पटक | पुरुषका लागि मात्र |
| ४. | छोटो दौड (३०० मी.) | ६० सेकेण्ड भित्र | ७० सेकेण्ड भित्र | ८० सेकेण्ड भित्र | महिलाको हकमा १० सेकेण्ड थप हुनेछ। |
| ५. | लामो दौड (३२०० मी.) | २० मिनेट भित्र | २२ मिनेट भित्र | २४ मिनेट भित्र | महिलाको हकमा २ मिनेट थप हुनेछ। |

आज्ञाले,

सूर्य प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणीकरण मितिः २०८०/०७/२४**